# मेलम्ची नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
३ नं. प्रदेश, नेपाल
स्थापना २०७३


प.स: २०७६/०७७(भवन शाखा)
च.नं. ७६४

मिति:२०७६/०७/२०

श्री :वडा कार्यालय सवै

**बिषयः-निर्णय कार्यान्वयन सम्बन्धमा ।**

प्रस्तुत विषयमा राष्ट्रिय पुनर्निर्माण प्राधिकरण जिल्ला आयोजना कार्यान्वयन ईकाई (अनुदान व्यबस्थापन तथा स्थानिय पुर्वाधार) सिन्धुपाल्चोक, चौताराको प.स.२०७६/७, मिति २०७६/०७/१७सार राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको निर्णय अनुसार निजि आवास पुनर्निर्माण लाभग्राहीहरूलाई अनुदान सम्झौता गराउने र पहिलो किस्ता भुक्तानी रोक्का गरिएकोमा राष्टिय पुनर्निर्माण प्राधिकरण प्रमुख कार्यकारी अधिकृत स्तरको मिति २०७६/०६/२९ को निर्णय अनुसार तपसिल अनुसारका लाभग्राहीहरूलाई अनुदान सम्झौता गराई २०७७ असार मसान्तसम्ममा तेस्रो किस्ता लिई निजि आवास पुनर्निर्माण गर्न संलग्न कबुलियतनामाको ढाँचामा कबुलियतनामा गराई अनुदानको पहिलो किस्ता वितरण गर्ने निर्णय भएकोले सोही अनुसार कार्यान्वयन गर्न गराउन हुन अनुरोध छ । साथै पुनर्निर्माण प्राधिकरण जिल्ला आयोजना कार्यान्वयन इकाई सिं.पा. चौताराको पत्रको छायाँ प्रति यसै पत्र साथ संलग्न राखी पठाएको छ ।

२०७६/७/२०

(ई. जीत बहादुर कार्की )
भवन शाखा प्रमुख

जित बहादुर कार्की
इन्जिनियर
नै.ई.प.द.नं. १४९११ सिभिल "ए"

श्री सूचना प्रविधि शाखा
web site मा upload गर्ने होला र
वडाहरूलाई Email गर्ने

राष्ट्रिय पुनर्निर्माण प्राधिकरण
केन्द्रीय आयोजना कार्यान्वयन ईकाइ

# जिल्ला आयोजना कार्यान्वयन ईकाइ

(अनुदान व्यवस्थापन तथा स्थानीय पूर्वाधार )
चौतारा, सिन्धुपाल्चोक

प.स : २०७६।७७
च.न : १६४

मिति : २०७६।०७।१७

बिषय : निर्णय कार्यान्वियन सम्बन्धमा ।

श्री नगरपालिका सबै
श्री गाउँपालिका सबै
सिन्धुपाल्चोक ।

प्रस्तुत बिषयमा राष्ट्रिय पुननिर्माण प्राधिकरण केन्द्रीय आयोजना कार्यान्वयन इकाई (अनुदान व्यवस्थापन तथा स्थानीय पुर्वाधार) ज्वागल, ललितपुरको प.स २०७६।७७, च.नं. ३७८ मिति २०७६।०७।०३ को पत्रानुसार राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको निर्णय अनुसार निजि आवास पुननिर्माण लाभग्राहीहरुलाई अनुदान सम्झौता गराउने र पहिलो किस्ता भुक्तानी रोक्का गरिएकोमा **राष्ट्रिय पुनर्निर्माण प्राधिकरण प्रमुख कार्यकारी अधिकृत स्तरको मिति २०७६।०६।२९ को निर्णय अनुसार तपसिल अनुसारका लाभग्राहीहरुलाई अनुदान सम्झौता गराई २०७७ असार मसान्तसम्ममा तेस्रो किस्ता लिई निजी आवास पुनर्निर्माण गर्न संलग्न कबुलियतनामाको ढाचामा कबुलियतनामा गराई अनुदानको पहिलो किस्ता वितरण गर्ने** निर्णय भएकोले सोही अनुसार कार्यान्वयन गराउनु हुन निर्देशन प्राप्त भएकोले सोही अनुसार कार्य गर्नुहुन अनुरोध छ ।

तपसिल :

१) गुनासोबाट थप भएका लाभग्राहीहरु
२) जोखिम क्षेत्रका लाभग्राहीहरु
३) भुमिहिन लाभग्राहीहरु
४) पुननिर्माण जिल्ला समन्वय समितिको निर्णय अनुसार हाल बसिरहेको सार्वजनिक क्षेत्रको जग्गामा घर बनाउन अनुमति प्राप्त लाभग्राहीहरु
५) पुनरावेदन समितिबाट कायम भएका लाभग्राहीहरु
६) प्राधिकरणको निर्णय अनुसार प्रबलिकरणबाट पुननिर्माण र पुनर्निर्माणबाट प्रबलिकरण लाभग्राहीमा परिवर्तन भएका लाभग्राहीहरु
७) प्रबलिकरण लाभग्राही हरु

पुनश्च : २०७६ असार मसान्त सम्म पहिलो किस्ता प्राप्त लाभग्राहीहरुले २०७६ कात्तिक मसान्त सम्ममा दोस्रो किस्ता लिइ सक्नुपर्ने व्यहोरा समेत जानकारीको लागि अनुरोध छ ।

..................
(बिष्णु प्रसाद पौडेल)
**का.मु. जिल्ला आयोजना प्रमुख**

बोधार्थ :
श्री केन्द्रीय आयोजना कार्यान्वयन इकाई
(अनुदान व्यवस्थापन तथा स्थानीय पुर्वाधार), ज्वागल, ललितपुर ।

Phone : 011-620098
email : gmalisindhupalchok@gmail.com

# कवुलिएतनामा

लिखितम सिन्धुपाल्चोक जिल्ला ............................................ नगरपालिका/गाउँपालिका वडा नं ....... बस्ने श्री ............................................................. को नाती/बुहारी ............................................. को छोरा/श्रीमती वर्ष ........ का म ............................................. भुकम्प प्रभावित निजि अवास निर्माणको लाभग्राही भएको र म र मेरो एकासंगोल को परिवारको नाममा नेपाल राज्यभर वस्नयोग्य घर नभएको र आवास निर्माणको अनुदान रकमले २०७७ साल असार मसान्त सम्म अवास निर्माण सम्पन्न गरी तेस्रो किस्ता लिने कबुल गर्दछु भनि आफै उपस्थित भइ सनाखत गरिदिए । यदी मैले समयसिमा (२०७७ असार मसान्त) भित्र तेस्रो किस्ता लिइ आवास पुननिर्माण सम्पन्न नगरेको खण्डमा राष्ट्रिय पुननिर्माण प्राधिकरणले तोकेबमोजिमको कारवाही सहुला बुझाउला भनि सही छाप गरेको छु ।

रोहवर
श्री ......................................
वडा अध्यक्ष

औठाछाप

| दायाँ | बायाँ |
|---|---|
| | |

नाम थर :

दस्तखत

मिति

इतिसम्बत .............. साल ............महिना ............गते रोज ..........शुभम् ।